श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.२९२

पुनरावेदन नं. ०७७-RB-०४९२

**मुद्दाः- अग्रिम कर (२०७१/०७२)।**

| | |
|---|---|
| सिटिजन्स बैंक इन्टरनेशनल लि. काठमाडौ (स्थायी लेखा नं. ३०२४०६४३६) को तर्फबाट अधिकार प्राप्त सो बैंकको प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल.......................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट......................................................१<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु निर्णय मिति : २०७६/०५/१८

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७७/०३/३०

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ

: विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकर

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७/३/३० मा भएको निर्णयमा चित्त नबुझाई सो उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम करदाताको तर्फबाट यस न्यायाधिकरणमा परेको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री नागरिक लगानी कोषको आर्थिक वर्ष २०७१।०७२ को अग्रिम कर कट्टीका सम्बन्धमा कर परीक्षण गर्ने क्रममा करदाता श्री सिटजन्स बैंक इन्टरनेशनल लिमिटेडबाट आर्थिक वर्ष २०७१।०७२ मा अवकाश पाएका कर्मचारीहरूको अवकाश भुक्तानीको अग्रिम कर कट्टी परीक्षण गर्दा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५% का दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा सो वमोजिम अग्रिम कर कट्टी गरेको नपाइएकोले ऐनको दफा ८८(१) बमोजिमको अग्रिम करकट्टी माग गर्नु पर्ने भएकोले सो वमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर कट्टी रकम दाखिला गर्ने बारेको कारण र आधार समेत खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७६।४।५ मा सूचना जारी भएको।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।४।५ मा जारी भएको सूचना करदाताले मिति २०७६।४।९ मा बुझी लिई सो को लिखित जवाफ म्यादभित्रै मिति २०७६।४।२३ मा पेश गरेको।

३. करदाता बैंकले ठूला करदाता कार्यालय, ललितपुरबाट आर्थिक बर्ष २०७१।०७२ को कर परीक्षण गरेपश्चात अग्रिम करतर्फ आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अवकाश भुक्तानीमा १५ प्रतिशतका दरले करकट्टी गर्नु पर्नेमा कम करकट्टी गरेको लगायतको कारणबाट आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम रू.९,४४,२२२।- अग्रिम कर माग गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०५/१८ मा भएको निर्णय।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७६/५/१९ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको अग्रिम कर सम्बन्धी आदेशमा चित्त नबुझाई करदाता सिटिजन्स बैंक इन्टरनेशनल लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०८/०९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

५. आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ८८ को उपदफा (१) बमोजिम करयोग्य अवकाश भुक्तानीको १५ प्रतिशतले हुने रकम करकट्टी गरी दाखिला गर्नुपर्नेमा कम कर कट्टी तथा दाखिला भएको देखिएकोले सो रकममा आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ११९ बमोजिम लाग्ने ब्याज तथा दफा १२० (क) बमोजिमको शुल्क समेत थप गरी कर कट्टीको लागि वास्तविक जिम्मेवार रोजगारदाता निवेदक वैकको नाममा कार्यालयबाट भएको अग्रिम कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।३० मा प्रशासकीय पुनरावलोकनको क्रममा भएको निर्णय।

६. आयकर ऐन, २०५८ को दफा ९०(५) बमोजिम अग्रिम कर कट्टी हुने व्यक्ति र सो अग्रिम कर कट्टी गर्ने व्यक्ति दुवै जना संयुक्त रुपमा र छुट्टाछुट्टै रुपमा सो कर रकम विभागमा दाखिला गर्न जिम्मेवार हुनेछन् भन्ने व्यवस्था रहेको र सो व्यवस्थाले अग्रिम कर कट्टी हुने व्यक्ति अवकाश प्राप्त सम्बन्धित कर्मचारी हुन भने अग्रिम कर कट्टी गर्ने व्यक्ति नागरिक लगानी कोष रहेको तथ्यलाई पुष्टि समेत गरेको सन्दर्भमा कर्मचारीले अग्रिम कर कट्टी गर्नुपर्ने अवस्था सिर्जना हुँदैन। तसर्थ नागरिक लगानी कोषबाट अवकाश भुक्तानी भएकोमा कर कट्टी भए नभएको भन्ने आधारमा गैर कानूनी तवरले उक्त जिम्मेवारी प्रस्तुत करदाता कम्पनीमा सार्ने गरी भएको निर्णय युक्तिसंगत नहुँदा नागरिक लगानी कोषबाट ५ प्रतिशत कर कट्टी गर्नुपर्ने कानूनी दायित्व निर्वाह भईरहेको अवस्थामा सो दफा ६५,८८ र ९०(८) प्रतिकूल अग्रिम कर कट्टी गर्ने दायित्व नै नरहेको निवेदक बैंकमाथि आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम ब्याज तथा सोही ऐनको दफा १२०(क) बमोजिमको शुल्क समेत लगाउने गरेको निर्णय समेत गैर कानूनी हुँदा सो बदर गरी पाउँ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट मिति २०७७।११।०३ मा यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/११/१२ मा भएको आदेश।

## ठहर-खण्ड

८. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक करदाता सिटिजन्स बैंक ईन्टरनेशनल लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ

अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठले अग्रिम कर कट्टी सम्बन्धी दायित्व नागरिक लगानी कोषको भएको र सो दायित्व उक्त संस्थाले वहन गरिरहेको अवस्थामा आत्मनिष्ठ तवरले करदातामा अग्रिम करको दायित्व थोपर्ने गरी ठूला करदाता कार्यालयबाट भएको अग्रिम कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानूनसम्मत नभएको हुँदा सो बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले पुनरावेदक करदाताको हकमा भएको अग्रिम कर निर्धारण आदेश तथा प्रशासकीय पुनरावलोकनको निर्णय समेत कानूनसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अग्रिम कर निर्धारणको आदेश र उक्त आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ ,छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

१०. निर्णयतर्फ विचार गर्दा, करदाताको पुनरावेदन जिकिर अवकाश भुक्तानीमा हुने कर कट्टीका सम्बन्धमा रहेको देखिन्छ। पुनरावेदक करदाताको आ.व.२०७१।०७२ को कर परीक्षण गरी अग्रिम कर तर्फ आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अवकाश भुक्तानीमा १५ प्रतिशतका दरले करकट्टी माग गर्ने र सोमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम हुने शुल्क तथा दफा ११९ बमोजिमको ब्याज समेत लाग्ने गरी ठूला करदाता कार्यालयबाट भएको अग्रिम कर निर्धारण आदेश कानूनसम्मत नभएकोले बदर गरिनु पर्दछ भन्ने पुनरावेदन जिकिर लिएको देखिन्छ। प्रस्तुत विवादको सम्बन्धमा दृष्टि दिँदा, करदाता सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेडलाई आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम लगाएको अग्रिम कर न्यायोचित छ वा छैन भन्ने प्रश्न नै मुख्य रुपमा निरोपण गर्नुपर्ने देखियो। आयकर ऐन, २०५८ को दफा २ (व) बमोजिम "प्राकृतिक व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति विषेश सम्झनु पर्छ भनि उल्लेख गरिएको छ। आयकर ऐन, २०५८ को दफा २ (घ) बमोजिम "अवकाश कोष" भन्नाले निकायको हिताधिकारी प्राकृतिक व्यक्ति वा निजको आश्रितलाई कोषबाट अवकाश भुक्तानी प्रदान गर्ने प्रयोजनको लागि अवकाश योगदान रकम स्वीकार गर्ने र सो रकम लगानी गर्ने उद्देश्यले मात्र स्थापना भएको निकाय सम्झनु पर्छ भनि उल्लेख गरिएको छ। यसै गरी दफा २ (कभ) बमोजिम "स्वीकृत अवकाश कोष" भन्नाले दफा ६३ को उपदफा (१) बमोजिम विभागबाट

स्वीकृत प्राप्त गरेको अवकाश कोष सम्झनु पर्छ भन्ने कानुनी व्यबस्था रहेको देखिन्छ।

११. करदाता सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेडले सेवारत कर्मचारीहरुको नागरिक लगानी कोषमा अवकाश कोष खडा गरेको र प्रत्येक कर्मचारीले सेवाबाट अवकाश प्राप्त गरे पछि भुक्तानी पाउने गरी बार्षिक रुपमा उक्त अवकाश कोषमा रकम जम्मा गरेको तथ्यमा विवाद देखिएन। करदाता बैंकले कर्मचारीहरुको आ.व. २०७१।०७२ मा स्वीकृत अवकाश कोषमा १५ प्रतिशतले हुने रु.५,००,९९९।- अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा रु.५६,६६०।- मात्र कट्टी गरी कम दाखिला गरेको भनी पुरा अग्रिम कर किन माग नगर्ने भनी ठूला करदाता कार्यालय ललितपुरले मिति २०७६।४।५ मा करदातालाई सूचना दिएको देखियो। सो सूचनाको सम्बन्धमा मिति २०७६।४।२३ मा दिएको जवाफमा आ.व. २०७१/०७२ को आयकर ऐन, २०५८ को दफा ६३ बमोजिम स्थापित स्वीकृत अबकाश कोष नागरिक लगानी कोषले भुक्तानी गर्दा दफा ८८ अनुसार भुक्तानीमा कर कट्टी गर्ने अधिकार भएकोमा नागरिक लगानी कोष नै अग्रिम कर दाखिला गर्न जिम्मेवार रहने भन्ने व्यहोरा उल्लेख गरेको देखिन आयो। यसबाट अवकाश कोषमा जम्मा रहेको कर योग्य आयको भुक्तानीमा १५ प्रतिशतले अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने तथ्यलाई करदाताले स्वीकारै गरेको देखिन आयो।

१२. आयकर ऐन, २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी सेवा शुल्क कमिशन, विक्री बोनस अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त उपदफाको प्रतिवन्धात्मक वाक्यांशमा तर देहायको भुक्तानीमा देहायका दरले कर कट्टी गर्नुपर्नेछ भन्ने व्यवस्था गर्दै खण्ड (१) मा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले भन्ने व्यवस्था रहेको पाइयो।

१३. आयकर ऐन, २०५८ को दफा २ (ङ) अनुसार प्राकृतिक व्यक्तिले अवकाश लिएको अबस्थामा निजलाई दिइने भुक्तानी वा प्राकृतिक व्यक्तिको मृत्यु भएको अबस्थामा निजको आश्रितलाई दिइने भुक्तानीलाई अवकाश भुक्तानी भनी उल्लेख गरिएको पाईन्छ। पुनरावेदक करदाता सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेडले अवकाश भुक्तानीको लागि नागरिक लगानी कोषमा संचालन गरेको अवकाश कोष योगदानमा आधारित नभएको (Non-contributory Fund) रहेको देखिन्छ। यस प्रकारको

अवकाश कोषमा रहेको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ (१) मा उल्लेख भए बमोजिम १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने देखिन आउँछ। अव उक्त अग्रिम कर कट्टी गर्नुपर्ने र दाखिला गर्नुपर्ने कानूनी दायित्व कसको रहेछ भनी हेर्दा नागरिक लगानी कोषमा जम्मा भएको रकम कर्मचारीको व्यक्तिगत नाममा नभई रोजगारदाता सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेडको नाममा जम्मा रहेको र कर्मचारी अवकाश भए पश्चात रोजगारदाता कम्पनीले कर्मचारीको विवरण तथा भुक्तानी पाउने रकम उल्लेख गरी भुक्तानी आदेश दिए पछि मात्र नागरिक लगानी कोषबाट रकम भुक्तानी हुने व्यवस्था रहेको पाइएकोले भुक्तानी पाउने कर्मचारी नागरिक लगानी कोषको हिताधिकारी नभएकोले नागरिक लगानी कोष भुक्तानीको माध्यम मात्र भई बास्तविक भुक्तानीकर्ता करदाता सिटिजन्स् बैंक ईन्टरनेशनल लिमिटेड भएको तथ्य स्वतः स्पष्ट देखिन्छ। यसबाट करदाता बैंकले कर्मचारीहरुको आ.व. २०७१।०७२ मा स्वीकृत अवकाश कोषमा १५ प्रतिशतले हुने रु.५,००,९९९।- अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा रु.५६,६६०।- मात्र कट्टी गरी कम कर मात्र दाखिला गरेकोमा सो कर दाखिला गर्ने दायित्व नागरिक लगानी कोषको रहेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। त्यसैले करदाताले कर्मचारीलाई अवकाश भुक्तानी दिने क्रममा सिफारिस गर्दा वा भुक्तानी आदेश दिंदा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतले अग्रिम कर कट्टी गरी दाखिल गर्नु पर्ने भन्ने शुरु ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको निष्कर्ष कानून सम्मत देखियो।

१४. करदाताको अन्तिम पुनरावेदन जिकिर ठूला करदाता कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम ब्याज समेत कायम हुने र दफा १२०(क) वमोजिम शुल्क गणना गर्ने गरी भएको निर्णय कानून सम्मत एवं तर्कपूर्ण नभएको हुँदा सो बदर गरिनुपर्दछ भन्ने रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ११९ को उपदफा (१) मा "कर तिर्नुपर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिला नगरेकोमा दाखिला गर्न वाँकी रहेको रकममा यसरी कर दाखिला गर्न वाँकी रहेको अवधिभरको लागो सो व्यक्तिलाई प्रत्येक महिना र महिनाको भागमा सामान्य ब्याजदरले ब्याज लाग्नेछ" भन्ने कानूनी व्यवस्था रहेको पाईन्छ। कर कानूनको परिपालना नगरी समयमा कर दाखिला नगरेको अवस्थामा भएको संशोधित कर निर्धारणबाट सिर्जित थप कर दायित्वको रकममा दफा ११९ वमोजिम व्याज लाग्ने नै देखिंदा कानून वमोजिमको उक्त निर्णयलाई अन्यथा भन्न मिलेन। जहाँ सम्म अग्रिम कर रकममा आयकर ऐन, २०५८ को दफा १२० (क) बमोजिमको शुल्क लगाउन मिल्दैन भन्ने पुनरावेदन जिकिर छ, सो सम्बन्धमा हेर्दा, आयकर ऐन, २०५८ को दफा १२० मा "*कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुट्टा वा भ्रमपूर्ण*

*विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा बस्तुको जानकारी नदिई वा सो विवरणबाट हटाई विवरणमा उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ भन्ने व्यवस्था गर्दै खण्ड (क) मा जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलवश झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट घटी कर रकमको पचास प्रतिशत*" भन्ने व्यवस्था रहेको देखिन आउछ। यो व्यवस्था करदाताले झुट्टा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क देखिन्छ। आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० बमोजिमको शुल्क समेत" भन्ने अंश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको र उक्त ऐन मिति २०७७।०४।०१ बाट प्रारम्भ भएको देखिन आयो। यसरी अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानूनी व्यवस्था हुनु भन्दा अघिको आ.व. २०७१/०७२ को हकमा मिति २०७६।०५।१८ मा अग्रिम कर माग गर्दा दफा १२०(क) को शुल्क समेत गणना गरी कर निर्धारण गरेको आदेशमा कानूनको पश्चातदर्शी असर (Retrospective Effect) पर्ने गरी प्रयोग गरेको त्रुटी विद्यमान देखिँदा उक्त दफा १२०(क) बमोजिम पचास प्रतिशत शुल्क लगाएको हदसम्म शुरु निर्णय एवं सोही सदर गर्ने विभागका महानिर्देशकको निर्णय समेत न्यायोचित देखिएन।

१५. अतः माथि विवेचित आधार एवं कारण समेतबाट करदाता सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड (स्थायी लेखा नं.३०२४०६४३६) को आ.व. २०७१।०७२ को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्दा ठूला करदाता कार्यालय ललितपुरले मिति २०७६।५।१८ मा आयकर ऐन, २०५८ को दफा १२० को खण्ड (क) बमोजिम शुल्क समेत निर्धारण गर्ने निर्णय गरेको र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।३।३० मा भएको निर्णय समेत सो हदसम्म कानूनी त्रुटिपूर्ण देखिँदा केही उल्टी हुने ठहर्छ। ५ प्रतिशत मात्र अग्रिम कर लाग्ने भन्ने करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. करदाता करदाता सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड (स्थायी लेखा नं.३०२४०६४३६) को आ.व. २०७१।०७२ को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्दा ठूला करदाता कार्यालय ललितपुरले मिति २०७६।५।१८ मा आयकर ऐन, २०५८ को दफा १२० को खण्ड (क) बमोजिम शुल्क समेत निर्धारण गर्ने निर्णय गरेको र सोही निर्णय

सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।३।३० मा भएको निर्णय समेत सो हदसम्म कानूनी त्रुटिपूर्ण देखिँदा केही उल्टी हुने ठहरी फैसला भएकोले उक्त शुल्क वापतको करदाताले फिर्ता पाउने रकम हिसाब गरी अर्को आ.व.मा मिलान गरिदिनू भनी यो फैसलाको प्रतिलिपी सहित ठूला करदाता कार्यालयमा लेखी पठाईदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः प्रमोद रिजाल
कम्प्यूटर अपरेटरः चन्द्र बहादुर नेपाली
ईति सम्वत् २०७९ साल चैत्र २१ गते रोज ३ शुभम् ---------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप